# ढोरपाटन नगरपालिका

# स्थानीय राजपत्र

## ढोरपाटन नगरपालिकाद्वारा प्रकाशित

वर्षः ६) ढोरपाटन, फागुन १ गते, २०७९ साल

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम ढोरपाटन नगरपालिकाको कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७९ सालको कार्यविधि नं. १७

# समूह गठन र सञ्चालनसम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना :**

स्थानीय स्तरमा व्यक्ति-व्यक्तिहरू बीच विभिन्न विषयगत क्षेत्रका समूह निर्माण गरी समूहगत कार्यलाई प्राथमिकता दिदैँ समुन्नत र समृद्ध समाजको स्थापना र विकास गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी ढोरपाटन नगर कार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## भाग-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम " समूह गठन र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "समूह" भन्नाले कृषि, पशु, महिला, युवा समूह सम्झनु पर्छ र सो शब्दले नगर कार्यपालिकाले निर्णय गरी तोकेका अन्य विषय क्षेत्रसँग सम्बन्धित समूहसमेतलाई जनाउँछ ।

(ख) "कार्यविधि" भन्नाले ढोरपाटन नगरपालिकाको विभिन्न समूह गठन र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ लाई सम्झनुपर्छ ।

(ग) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी, दिदी र बहिनी सम्झनुपर्छ । तर, सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(घ) "विधान" भन्नाले विषयगत समूह सञ्चालनको लागि समूहले तयार गरेको विधानलाई सम्झनुपर्छ ।

(ङ) "दर्ता गर्ने अधिकारी" भन्नाले समूह दर्ता गर्नको लागि नगरपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

## भाग-२

## समूह गठन तथा सञ्चालन

**३. समूह गठन :** (१) कम्तिमा बीस जना नेपाली नागरिकहरूले कुनै विषयगत क्षेत्र वा बहुविषयगत क्षेत्रमा कार्य गर्ने गरी समूह गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम समूह गठन गर्दा एकै परिवारको एक भन्दा बढी व्यक्ति एउटै समूहमा सदस्य हुने पाउने छैन।

तर, समूह दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी सदस्यले समूहको सदस्यता लिन बाधा पर्ने छैन।

**४. दर्ताको लागि निवेदन दिनुपर्ने :** (१) दफा ३ बमोजिम गठित समूहले समूह दर्ताको लागि दर्ता समूह गर्ने अधिकारी समक्ष अनुसूची १ को ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा निवेदन साथ देहायका कागजातसमेत संलग्न गर्नुपर्नेछ :

(क) समूहको विधान,

(ख) समूह गठन र दर्ता सम्वन्धमा समूहले आफ्नो माइन्युटमा गरेको निर्णयको प्रतिलिपि।

**५. समूह दर्ता गर्नुपर्ने :** (१) दफा ४ बमोजिम प्राप्त निवेदन सहितका कागजातहरू देहायबमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले निवेदन प्राप्त भएको बढीमा १५ दिनभित्र दर्ता गरी अनुसूचि २ वमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ

(क) निवेदनसाथ पेश गरेको विधान यस कार्यविधि बमोजिम भएको,

(ख) समूहको उद्देश्य सामूहिक भावनामा आधारित भएको।

(२) समूहले पेश गरेको विधान यस कार्यविधि अनुरुप नभएमा वा सामूहिक भावनामा आधारित नभएमा दर्ता गर्ने अधिकारीले संशोधन गर्नुपर्ने विषयसहितको सूचना निवेदन प्राप्त भएको १० दिनभित्र निवेदकलाई दिनुपर्नेछ।

**६. दर्ता गर्न अस्वीकार गर्नसक्ने :** यस कार्यविधि विपरित समूह दर्ताका लागि परेका निवेदनलाई दर्ता गर्ने अधिकारीले अस्वीकार गर्न सक्नेछ।

**७. विधान बनाउनु पर्ने :** विषयगत समूहले यो कार्यविधिको अधिनमा रहि आफ्नो कार्यसञ्चालनको लागि विधान बनाउनु पर्नेछ।

## भाग-३

## समूहको उद्देश्य तथा कार्य

८. **समूहको उद्देश्य :** हरेक विषयगत समूहको उद्देश्य समूहका सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने किसिमको हुनुपर्नेछ ।

९. **सामूहिको कार्य :** प्रत्येक समूहका कार्यहरू निम्न हुनेछन् :

(क) समूहिक भावनाबाट सञ्चालित हुने,

(ख) सदस्यहरूको हित प्रवर्धन गर्ने,

(ग) समूहभित्र लोकतन्त्रको प्रवर्धन गर्ने,

(घ) सदस्यहरूको नेतृत्व क्षमता विकास गर्ने

(ङ) विधानमा उल्लिखित कार्यहरू गर्ने ।

## भाग-४

## विविध

१०. **कोष सञ्चालन गर्न सक्ने :** (१) विषयगत समूहहरूले आफ्ना सदस्यहरूको हित प्रवर्धनको लागि कोषको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछन् ।

(२) समूहको कोषमा देहायको रकम रहनेछ :

(क) समूहका सदस्यहरूले नियमित रुपमा गरेको वचत,

(ख) समूहलाई केन्द्र सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा प्रचलित कानुन वमोजिम अन्य निकायबाट प्राप्त रकम

(३) कोषको सञ्चालन र व्यवस्थापन समूहको विधान अनुरुप हुनेछ ।

११. **अनुगमन तथा नियमन :** समूहको अनुगमन तथा नियमन दर्ता गर्ने अधिकारी र वडा कार्यालयबाट हुनेछ ।

१२. **खारेजी र बचाउ :** यस अघि अधिकार प्राप्त निकायबाट दर्ता भएका समूहहरू यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

# अनुसूचि - १
## दफा ४ को उपदफा (१) सँग सम्बन्धित समूह दर्ताको लागि दिइने निवेदनको ढाँचा

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू**
**ढोरपाटन नगर कार्यपालिकाको कार्यालय,**
**बुर्तिबाङ, बागलुङ ।**

विषय : ..............समूह दर्ता गरिपाउँ ।

श्री ......................................को सहयोगमा हामी आफै ....................... समूहमा संगठित भई ढोरपाटन नगरपालिकाको..........वडामा गठन गरेको हाम्रो ...................... समूह दर्ता गरिपाउँ भनी निम्न विवरण सहित यो निवेदन गरेका छौं ।

**समूहको विवरण :**

समूहको नाम : ....................................................गठन मिति : ...............................
ढोरपाटन नगरपालिका वडा नम्बर : .................. टोल......................................
समूहको उद्देश्य : (१) ...........................................................................
(२) ...........................................................................
(३) ...........................................................................
समूह सदस्य सङ्ख्या : जनजातीः मः............पु....... दलितः मः............ पु..... अन्यः मः........ पुः............
जम्मा: म............जम्मा पु: ............कुल जम्मा : ............
पदाधिकारीको नाम :

| क्र स | पद | नाम थर | उमेर | सम्पर्क नम्बर | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नियमित बैठक बस्ने दिन :
प्रति महिना समूहको हितकोष संकलन हुन सक्ने रु.....
हाल सम्म हितकोषमा जम्मा रकम रु
............................... समूह अगुवाको दस्तखत

## अनुसूची - २

## दफा ५ को उपदफा (१) सँग सम्बन्धित कृषक समूह दर्ता प्रमाण-पत्रको ढाँचा

फोटो

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
.....................शाखा
बुर्तिबाङ, बागलुङ

समूह दर्ता नं.....      **...............समूह दर्ता प्रमाण-पत्र**

समूहगत कार्यलाई सुब्यवस्थित गर्दै.......................(विषयगत क्षेत्र) क्षेत्रमा टेवा पुऱ्याउने उद्देश्यले ढोरपाटन नगरपालिका वडा नं........ मा मिति ................... मा गठीत श्री................................ समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरीएको छ। समूह सुदृढीकरण भई सहकारीकरण तर्फ उन्मुख हुनेछ भन्ने अपेक्षा गरीएको छ।

दस्तखत...................
श्री......................................
.........................शाखा प्रमुख
.............................शाखा
................................
प्रमुख प्रशासकीय अधिकृत

मिति.........................
प्रमाणीकरण मितिः २०७९/०९/२५

आज्ञाले,
विष्णु प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत